जानकी गाउँपालिका
कार्यपालिकाको कार्यालय
दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

आ.व. २०८३/०८४ को ~~पहिलो~~ कार्यपालिका बैठक नं.४(मिति २०८३।०७।१८ गते) मा भएको निर्णयहरुको संक्षिप्त विवरण।

१. यस जानकी गाउँपालिकाको आ.व. २०८३।०८४ को प्रथम त्रैमासिक आय व्ययको समीक्षा गरियो।

२. भुमि सम्वन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश, २०८३ को दफा ६ को उदफा १ बमोजिम भु-उपयोग परिवर्तन गर्ने सम्वन्धी २१ दिनको सुचना प्रकाशन गर्ने।

३. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत पुर्वधार विकासतर्फका आयोजना सञ्चालन गर्ने गरि कार्यान्वयन गर्ने।

४. भूमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत प्रमाणीकरण गर्ने।

५. विद्यालय सावरी साधन सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०८३ दफावर छलफल गरि स्वीकृती गर्ने।

६. जानकी गाउँपालिकाको मुक्त कमैया, हलिया तथा कम्लहरी पुनःस्थापना कार्यविधि, २०८२ बमोजिम वडा बाट प्राप्त विवरण प्रमाणीकरण गर्ने।

७. विविध

क)जानकी गाउँपालिकाको आ.व. २०८३।०८४ को बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत ८ नं. वडा कार्यालयतर्फको बालमैत्री स्थानीय शासन कार्यक्रम व्यवस्थापन शिर्षकबाट रु.१,००,०००।अक्षेरुपी एक लाख मात्र बाल सञ्जाल/बड्घर अवलोकन भ्रमण शिर्षकमा आगामी गाउँ सभाबाट अनुमोदन हुने गरि रकमान्तर गर्ने ।

ख)नेपाल आदिवासी उत्थान समाज जानकी गाउँपालिका १, दुर्गौली कैलालीलाई ३२ औ अन्तर्राष्ट्रिय आदिवासी दिवस कार्यक्रमका लागि रु३५०००।अक्षेरुपी पैंतिस हजार मात्र आर्थिक सहायता प्रदान गर्ने।

ग)सुवर्णपुर Smart Public Toilet वडा कार्यालयको समन्वयमा Toilet प्रयोगबाट भएको आम्दानीमा गाउँपालिकाले त्यति नै रकम थप गरि करारमा व्यक्तिगत सेवा प्रदायकबाट परिचालन गर्ने।

घ)पाल बजार Smart Public Toilet सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी श्री ऐश्वर्य आधारभुत विद्यालयलाई प्रदान गर्ने।

ङ)नगर प्रहरी हवल्दार र नगर प्रहरी जवानको पाठ्यक्रम स्वीकृत गर्ने।

२०८३।०७।१८

ज्योत्स्ना भट्ट जोशी
प्रमुख प्रशासकीय अधिकृत